# चम्पादेवी गाउँपालिका

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७६/०७७

**प्रस्तुतकर्ता**

नवराज केसी

अध्यक्ष

चम्पादेवी गाउँपालिका, कालिका

ओखलढुंगा

चम्पादेवी गाउँपालिका, ओखलढुंगा

चम्पादेवी गाउँपालिकाको पाचौं गाउँसभाको बजेट अधिवेशनमा उपस्थित गाउँसभाका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकार साथीहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न कार्यालय तथा संघसंस्थाबाट पाल्नु भएका महानुभावहरु एवं विभिन्न तह र क्षेत्रबाट पाल्नु भएका विद्वान महानुभाव, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा उपस्थित बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधानले व्यवस्था गरे बमोजिम शासकीय स्वरुपमा आएको परिवर्तन स्वरुपको संघीयताको कार्यान्वयनको चरणमा छौं । विभिन्न कालखण्डमा भएका आम नेपाली जनताको आन्दोलन, २०६२/६३ को जन-आन्दोलन, विभिन्न समयमा भएका राजनीतिक आन्दोलनको प्राप्ती स्वरुप आज हामीले आफ्नो घरदैलोमा स्थानीय सरकारको अनुभव गर्न पाईरहेका छौं । स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनीधिहरुको नेतृत्वमा स्थानीय सरकार गठन भएको अहिले तेस्रो बर्षको दौरानमा छौं । संघीयता कार्यान्वयनको क्रममा स्थापीत भएको स्थानीय तहका जननिर्वाचित सार्वभौम यस गरिमामय सभामा आगामी आर्थिक बर्षको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्त हर्सित भएको छ । देशलाई यस स्थितिमा ल्याउन, तथा जनताको अधिकारको लागि आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात महान सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । प्रजातन्त्र, गणतन्त्र स्थापना तथा विभिन्न राजनीतिक परिवर्तन साथै संघीयता कार्यन्वयनका लागि भुमिका खेल्नुहुने सबै महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसैगरी विभिन्न आन्दोलनको क्रममा वेपत्ता हुनु भएका आम वीर वीराङ्गनाहरुलाई यस गाउँसभाबाट स्मरण गर्न चाहन्छु । स्थानीय सरकार मार्फत स्वर्णिम युगको सुरुवातीमा हाम्रो गाउ आफै बनाउने अभियान सञ्चालन गर्न पाएकोमा एउटा सुनौलो अबसर र चुनौतीको रुपमा लिएको छु । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण भईसकेको हुदा स्थानीय तहलाई थप मर्यादित र व्यवस्थीत बनाउनु अबको आवस्यकताको रुपमा लिएको छु ।

उपस्थित गाउसभाका सदस्य ज्यूहरु, तथा अन्य महानुभावहरु,

चम्पादेवी गाउँपालिकाको आगामी आ.ब. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले, गाउँसभामा आ.ब. २०७५/०७६ मा प्रस्तुत भएको नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।

- चम्पादेवी गाउँपालिकाको पहिलो गाउसभाले पारित गरे बमोजिम यस गाउँपालिकाको सबै वडा कार्यालयसम्म मोटरबाटोको ट्रयाकले जोड्ने काम सम्पन्न भईसकेको छ ।
- यस गाउपालिका भित्र रहेको मुख्य सडक मार्गहरुलाई फराकीलो चौडा बनाई स्तरोन्नती गर्ने काम भईरहेको छ ।
- सामुदायिक भवन निर्माणको कामलाई क्रमशः अगाडि बढाइएको छ । विभिन्न स्थानमा खेलकुद मैदान निर्माण कार्य गरिएको छ ।
- विकास निर्माणको कामलाई गुणस्तरीय, प्रभावकारी, मितव्ययी बनाउन अनुगमनको पाटोलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

चम्पादेवी गाउँपालिका

- गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा विद्युतिय हाजिरी जडान सहित भौतिक पूर्वाधारले सम्पन्न बनाउको काम भईरहेको छ । प्राथामिक विद्यालयहरुमा पूर्वाधार विकास तथा बालविकास कक्षालाई व्यवस्थीत पार्दै लगिएको छ ।
- गाउँपालिकाले आफ्नै पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारी कक्षा १ र २ मा लागु गरिएको छ ।
- गाउँपालिकाकाले आफ्नै शैक्षिक कार्यपात्रो तयार पारी लागु गरेको छ ।
- गाउँपालिकाले नमूना विद्यालय घोषणा गरी सो को लागि आवश्यक बजेट व्यवस्था तथा कार्यान्वयन गरिएको छ ।
- शिक्षण संस्थामा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने विषयमा देखिएको जटिलताको स्थायी समाधानका लागि स्थायी विकल्पको खोजी गरी अघि बढ्ने निर्णय भएको छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई मध्यनजर गर्दे चालु आ. ब. मा औषधी तथा उपचारको अभाव हुन नदिन औषधी खरिद तथा वितरणलाई व्यवस्थित गरिएको छ ।
- यसै आर्थिक बर्षमा स्वास्थ्य संस्था नभएका वडाहरुमा आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र नियमित स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ वडा नं. २, ५ र ८ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गरिएको छ । साथै यस अघि वडा नं. ७ मा स्थापना भएको सामुदायिक स्वास्थ्य इकाईलाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि आवश्यक जनशक्ति र औषधी उपकरणको उचित व्यवस्था गरिएको छ ।
- विपन्न घर परिवार एवम गम्भीर प्रकृतिका रोगको औषधी उपचारका लागि तोकिए बमोजिम आर्थिक सहायतता उपलब्ध गराईएको छ ।
- विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिका क्षेत्रभित्र निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।
- प्रजनन स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै मातृ तथा शिशु मृत्युदरलाई कम गर्न यस गाउँपालिकाक्षेत्रभित्र रहेका बर्थिङ सेन्टर/प्रसुति गृहमा आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरिएको छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण भुमिकाको कदर गर्दै प्रोत्साहन भत्तामा वृद्धि एवम सम्मानित गरी सो क्षेत्रमा निरन्तर लाग्न प्रोत्साहित गरिएको छ ।
- गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक तालिम गोष्ठी सन्चालन गरिएको छ ।
- न्यून जनशक्तिको वावजुद कृषि तथा पशु सेवाका कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिएको छ ।
- कृषिलाई व्यावसायीकरण गर्दै कृषकहरुको जीवनस्तर उकास्न कृषि उत्पादन पकेट क्षेत्रको रुपमा विकास गर्न सुरुवात गरिएको छ ।
- कृषकहरुको हितलाई सर्वोपरी ठान्दै अनुदानमा विउ बिजन तथा विभिन्न जातका बोट विरुवाहरु उपलब्ध गराईएको छ । कृषकको ज्ञान सिपलाई वृद्धी गर्न अगुवा कृषक तालिम सन्चालन गरिएको छ ।



चम्पादेवी गाउँपालिका अभिलेख

- सिचाई समस्याको दिगो समाधानका लागि साना सिचाई लगायतका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- चम्पादेवी गाउँपालिका क्षेत्रभित्रको दिगो र व्यवस्थित विकासमा लागि वृहत परियोजना प्रतिवेदन/डिपिआर तयार गरी कार्यान्वयनको चरणमा लगिएको छ ।
- खानेपानीको काकाकुल समस्याबाट चम्पादेवी बासीलाई स्थायी रुपमा मुक्त गराउन वृहत खानेपानी योजना कार्यान्वयनमा ल्याईएको छ ।
- एक घर एक धाराको अवधारणालाई पूरा गर्ने गरी योजना कार्यान्वयनमा ल्याईको छ ।
- गाउँपालिकामा स्थापना भएको विपद व्यवस्थापन कोषबाट प्रकोप पिडीत घरपरिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्ने कार्य गरिएको छ ।

उपस्थित सभा सदस्य एवम्र सम्पुर्ण महानुभावहरु,

अब म चम्पादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । चम्पादेवी गाउँपालिकाको आगामी आ.ब. २०७६/०७७ लाई 'टोलटोलमा बाटो, घरघरमा धारो : चम्पादेवी गाउँपालिकाको सबै घर उज्यालो भन्ने अभियानलाई यस नीति तथा कार्यक्रममा अवलम्बन गरिएको छ । जसलाई कार्यन्वयन गर्न निम्न बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**पूर्वाधार नीति :**

- आवधिक योजनाको निर्माण गरी दिगो विकास लक्ष्य, पन्धौ राष्ट्रिय योजना,संघीय सरकारको बार्षिक कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई स्थानीयकरण गरिदै लगिने छ । सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गर्दै गाउँपालिका क्षेत्र भित्र गौरबको आयोजना सञ्चालन गरी दिगो विकास गर्ने लक्ष्य लिईएको छ । चालु आ.ब.मा सम्पन्न नभएको आयोजनाहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिर्ने नीति लिइने छ । एक वडा एक हेलिप्याडको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । गाउँपालिकाको चक्रपथ र मुख्य सडक निर्माण र साना सिचाई कार्यक्रम (SIP) लाई आगामी आ.व. मा समेत निरन्तरता दिईनेछ ।

**कृषि, वन तथा वातावरण निति :**

- चम्पादेवी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रर्णालीको विकास गर्दै लगिनेछ । यसैगरी गाउँपालिका भित्र रहेको विभिन्न क्षेत्रका उत्पादनको आधारलाई हेरी कृषि क्षेत्रको विकासका लागि कृषि पकेट क्षेत्रको स्थापनामा जोड दिइनेछ । किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भु-उपयोग नीतिको अवलम्बन गरी भुमिको व्यवस्थापन र कृषिको व्यवासायिकरण, औद्योगिकिरण, विविधीकरण र आधुनिकीकरण गर्दे लगिने निती अवलम्न गरिएको छ । खाद्य असुरक्षालाई न्यूनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरी सो को प्रभावकारी कार्यान्वयन गरिने छ । सिचाई कुलो,



चम्पादेवी गाउँपालिका, ओखलढुंगा

पोखरी सिचाई, थोपा सिचाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । मौरीपालन, बाख्रापालन, माछा पालन र बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गरिने छ । आलु, अकबरे खुर्सानी र अलैची, कपास खेतीको पकेट क्षेत्रको रुपमा विकास गरिने छ । व्यावसायिक कृषि फर्मलाई प्रोत्साहित गरिने छ । सडक किनार तथा सार्वजनिक खाली जग्गाहरुमा वृक्षरोपण कार्यक्रम सन्चालन गरिने छ । सामुदायिक वनहरुलाई सुदृढिकरण गर्ने गरी कार्यक्रमहरु सन्चालन गरिने छ । विकास निर्माणका हरेक कार्यलाई वातावरणमैत्री बनाईनेछ ।

**सामाजिक, सास्कृतिक तथा पर्यटन नीति :**

- गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरीकलाई प्राथामिकता दिईनेछ । श्री चम्पादेवी ककनी, तीनतले, मालिङ्गे, तालखर्क, कवासे थुम्का, थलारी डाँडा, गोल्मादेवी, भीमसेनथान, जागेश्वर महादेव, कालिका, सावित्रादेवी थान मन्दिर, थामडाडा लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । गाउँपालिका भित्रका उच्च स्थानमा भ्यु टावर, होमस्टे समेतको विकासका लागि जोड दिईनेछ । सुनकोशी नदीदेखि उच्च पहाडको तिर्थस्थल, दोश्रा मानसरोवर दूधकुण्डको बीचा रहेको धार्मिक तिर्थस्थल श्री चम्पादेवीको मन्दिरलाई जिल्लाकै नमून र ठूलो धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न माथिल्लो निकाय सहित गाउँपालिका मार्फत गरिनेछ । जातीय भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धन गरिनेछ । गाउँपालिकाका विभिन्न मनोरम स्थल, चोक, पोखरीको संरक्षण र सम्बर्द्धन गरी प्राकृतिक सम्पदाको संरक्षण गरिनेछ । गाउँपालिका भित्रका विभिन्न मठ मन्दिर, चैत्य, गुम्बाहरुको संरक्षण गरिनेछ । सो का लागि बजेटको व्यवस्था गरिनेछ ।

**शिक्षा तथा खेलकुद नीति**

- गाउँपालिकाको शैक्षिक उन्नयनका लागि माध्यमिक विद्यालयमाा सन्चालनार्थ डिजिटल हाजीर व्यवस्थालाई थप व्यवस्थित बनाउँदै आधारभुत तह कक्षा १-८ सन्चालन भएकालाई समेत थप सन्चालन गरिनेछ ।
- सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच स्थापित गरी विद्यालय बाहिर रहेका वालवालिकाहरुलाई शुन्यमा झारिनेछ । गुणस्तरीय शिक्षा प्रदानका लागि स्थानीय पाठ्यक्रमलाई लागु गर्न निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालय तथा बाल कक्षा सन्चालनका लागि दक्ष जनशक्तिको उचित व्यवस्थापन गरिनेछ । आधारभुत्त र माध्यमिक तहका शिक्षकहरुलाई पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ । विद्यालयको भौतिक सूधार क्रमश गर्दै लगिनेछ ।

चम्पादेवी गाउँपालिकाको आवरण

- शैक्षिक कार्यपात्रो मार्फत शिक्षण संस्थाको गतिविधिलाई व्यवस्थित गरिने छ । नमूना विद्यालयको क्षमता अभिवृद्धी गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । कार्य सम्पादनको आधारमा उत्कृष्ट शिक्षक र विद्यालयलाई प्रोत्साहनको लागि उचित व्यवस्था गरिनेछ । SEE परीक्षामा गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट उत्कृष्ट अंक प्राप्त गर्ने छात्र छात्रालाई २५/२५ हजारका दरले पुरस्कृत गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र खेलकुदलाई व्यवस्थित रुपमा सन्चालन गर्न खेलकुद मैदान निर्माणलाई प्राथमिकता दिईनेछ । साथै खेलकुदको माध्यमबाट चम्पादेवी गाउँपालिकालाई चिनाउन महत्वपूर्ण भुमिका खेल्ने उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।
- विद्यालयहरुमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा पुस्तकालको स्थापना गरिनेछ ।

## स्वास्थ्य नीति

- जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरिक्षण गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको स्तरबृद्धि गरी स्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गरीनेछ । साथै वडा नं. ९ को डल्ली डाडाँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी आवश्यक स्थानमा सामुदायिक स्वास्थ्य इकाई र गाउँघर क्लिनिकहरु स्थापनाको लागि पहल गरिनेछ ।
- यस गाउँपालिकामा रहेका महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्य कर्मीहरुको क्षमता बिकास सम्वन्धी आवश्यक तालिमको लागि सरोकारवाला निकायसँग पहल गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाको दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गरिनेछ । स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- उमेरको हदको कारण स्वयसेविका पदबाट अवकाश प्राप्त गर्ने व्यक्तिलाई एकमुष्ट प्रोत्साहन रकम प्रदान गर्ने व्यवस्था गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकालाई दिईने प्रोत्साहन भत्तामा वृद्धि गरिनेछ ।
- प्राणघातक रोग (क्यान्सर, मुटुको रोग, मृगौला प्रत्योरोपण र मेरुदण्डको समस्याका विरामीलाई गाउँपालिकाको नियमानुसार आर्थिक एवम अन्य सहयोगलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई हर घरको नागरिक समक्ष पुऱ्याई लागु गरिनेछ । गाउँपालिकाभित्र रहेको रानीवन प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका एक्स रे सुविधालाई तत्काल सन्चालन गरिनेछ ।
- आगामी बर्षबाट सुत्केरी भेट कार्यक्रम र बुहारी छात्रवृति प्रदान गरिनेछ ।

चम्पादेवी गाउँपालिका

## खानेपानी तथा सरसफाई नीति

- आ.व. ०७६/०७७ लाई खानेपानी वर्षको रुपमा विकास गरिनेछ।
- चम्पादेवी गाउँपालिका क्षेत्रभिको खानेपानीको समस्यालाई स्थायी समाधान गर्नको लागि बृहत खानेपानी अन्तर्गत लिफ्टीङ खोनपानी योजना सन्चालनका लागि निरन्तरता दिईनेछ।
- सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी एक घर एक धारा बृहत खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ। यस गाउँपालिकामा रहेका ग्रामिण सडक सन्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यान्वयन गरिने छ।

## विद्युत तथा उर्जा सम्बन्धी नीति

- राष्ट्रिय प्रसारणको विद्युतलाई यस गाउँपालिका क्षेत्रभित्र क्रमशः विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ। स्थानीय साना जल विद्यूत उत्पादन गृहहरुलाई प्रोत्साहीत गर्दै लगिनेछ। गाउँपालिकाको सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रसारण लाईनमा जोड्न आवस्यक पहल गरिनेछ।
- गाउँपालिका भित्रका विभिन्न स्थानमा अझै पनि विजुली बत्तीको सुविधा नपुगेको स्थानमा केन्द्रीय प्रसारण लाईन र वैकल्पीक उर्जाको प्रयोगबाट उज्यालो कार्यक्रमलाई आगामी आ.ब.मा प्रोत्साहित गर्ने नीति अवलम्बन गरिएको छ।

**विज्ञान तथा प्रबिधि सम्बन्धी नीति :**

- गाउँपालिकाको पहलमा गाउँपालिका र प्रत्येक वडाहरुको बस्तुगत बिबरण प्रोफाइल तयार गर्न लगाई पुस्तक प्रकाशन गरिनेछ।
- बिकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ।
- अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ। गाउँपालिका र सबै वडा कार्यालहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ।

**लैगिक समानता र सामाजिक समावेसीकरण सम्वन्धी नीतिः**

- महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।
- लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरीनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण र समयमै सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ।

चम्पादेवी गाउँपालिका

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता लगत कट्टा, परिचय पत्र वितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयले प्रत्येक चौमासिकमा आ-आफ्नो वडा कार्यालयमा सार्वजनिक गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाईनेछ ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्बन्धी नीतिः**

- यस चम्पादेवी गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम संचालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्यांकन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

**क्षमता विकास सम्वन्धी नीति**

- गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (tax system) लाई फराकिलो र प्रभावकारी बनाइनेछ ।
- चम्पादेवी गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायत विनियम, निर्देशिका तथा गतिविधिहरु तय गरिनेछ ।
- विद्युतीय शासन प्रणाली (e-govemance system) मार्फत चम्पादेवी गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारी ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्वन गरिनेछ ।
- क्षमता विकास योजना (capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहाना अनुरुप गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धि विभिन्न किसिमका तालिम, गोष्ठी, सेमिनारहरु संचालन गरिनेछ ।
- सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरु वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।
- करार सेवामा रही १५ बर्ष भन्दा बढी सेवा गरी उमेरका हदका कारण अवकाश हुने राष्ट्रसेवक कर्मचारी र महिला स्वास्थ्य स्वयम सेविकाका लागि एक अवकाश कोषको स्थापना गरी रु एक लाख प्रदान गरिने छ ।

चम्पादेवी गाउँपालिका, ओखलढुंगा

- यस गाउँपालिका क्षेत्र भित्रका मृतक परिवारलाई काजक्रिया गर्न सहयोग पुगोस भन्ने हेतुले आगामी आर्थिक वर्षदेखि लागु हुने गरी मृतक परिवारलाई सहयोग गर्न एक कोषको स्थापना गरी रु १० हजार प्रदान गरिनेछ ।

अन्त्यमा,

गाउँ कार्यपालिकाको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन महत्वपूर्ण हुन्छ । स्थानीयतहको ऐतिहासिक स्थानिय सरकार हामीप्रति आम चम्पादेवी गाउँपालिकाबासी जनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । यस जिम्मेवारीलाई पुरा गर्न हाम्रा नीति, योजना तथा कार्यक्रमका लागि बजेट व्यवस्थापन गर्न संघिय सरकार,प्रदेश सरकार, अन्य साझेदार निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरु एवं सल्लाह सुझावदिनु हुने नागरिक समाज, राजनीतिकदलका मित्रहरु, पेशाकर्मी, बुद्विजीवि एवं आम चम्पादेवीबासी महानुभावहरुमा आभार प्रकट गर्दछु । सर्वपक्षिय सुझावलाई समेटिएर प्रस्तुत भएको यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्वताहरु आगामी बजेटबाट सम्बोधनहुने विश्वास लिएको छु । हाम्रै पालामा समृद्व चम्पादेवीको यात्रा सम्भव छ भन्ने विश्वासका साथ यस नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोगको अपेक्षा राख्दै विदाहुन चाहान्छु । धन्यबाद

चम्पादेवी गाउँपालिका, ओखलढुंगा